**प्रस्तावः (मिति २०७७/०२/१५, बिहिबार, ८१ औं कार्यपालिका बैठक )**

१. कोभिड १९ सम्वन्धमा

२. योजना तथा बजेट सम्वन्धमा

३. तलब भत्ता सम्वन्धमा

४. कार्यक्रम स्वीकृत सम्वन्धमा

५. नमुना बहु प्राविधिक विद्यालय संचालन सम्वन्धमा

६. विपद व्यवस्थापन सम्वन्धमा

७. पूर्वाधार योजना संचालन सम्वन्धमा

**निर्णय नं. १ः**

१.१ कोरोना भाइरस (कोभिड-१९) को विषम परिस्थितिमा कोरोना रोकथाम नियन्त्रण एवं क्वारेन्टाइन व्यवस्थापनमा भएको तपशिल बमोजिमको औषधी, औषधीजन्य उपकरण तथा खाद्यान्न लगायतमा भएको खर्च विपद व्यवस्थापन कोष तथा कोरोना राहत कोषबाट भुक्तानी दिने ।

तपशिलः

| सिनं | फर्मको नाम | सामान | मूल्य | कैफियत |
|---|---|---|---|---|
| क. | संक्रमण रोकथाम सामाग्रि तर्फ | | | |
| १ | युनाइटेड साइन्टिफिक एण्ड सर्जिकल हाउस | N95 Mask and Gloves | १९५८८७.०० | |
| २ | हिल्स मेडिसिन सप्लायर्स नेपालगंज | RDT KIT | ६४९७५०.०० | |
| ३ | हिल्स मेडिसिन सप्लायर्स नेपालगंज | VTM | २३७३००. | |
| ४ | सिद्धार्थ एग्रि सेन्टर | केमिकल | ९९७२० | |
| ५ | सिद्धार्थ कृषि सामाग्रि भण्डार | केमिकल | ५०२५१ | |
| ६ | जोशी सप्लायर्स | बुट | ८२५०१ | |
| ख. | क्वारेन्टाइन व्यवस्थापन तर्फ | | २४३०१०६ | |
| | **जम्मा** | | **३७४५५१४** | |

१.२ क्वारेन्टाइनमा बसेका कोरोना शंकास्पद व्यक्तिहरुको कोरोना भाइरस परिक्षणको लागि कम्तिमा १० दिन सम्म क्वारेन्टाइनमा बसेकाहरुको RDT परिक्षण गर्ने र RDT परिक्षणबाट Positive देखिएका तथा Positive को सम्पर्कमा रहेकाको PCR परिक्षण समेत गर्ने ।

१.३ घोराही उपमहानगरपालिकाका कोरोना संक्रमित भएका व्यक्तिहरुलाई व्यवस्थापन गर्न आइसोलेसन वार्ड निर्माण गर्नुपर्ने भएकोले आइसोलेसन वार्ड निर्माणका लागि उपयुक्त स्थान छनौट गरी निर्माण गर्ने।

१.४ कोभिड -१९ रोग नियन्त्रण तथा व्यवस्थापनको लागि अत्यावश्यक औषधि, औषधिजन्य उपकरण एवं सामग्री खरिद गर्दा रु २००००००|०० (अक्षरुपि विस लाख मात्र) सम्मको खरिद सिधै बजारबाट खरिद गर्न सार्वजनिक खरिद शाखालाई अनुमति दिने ।

१.५ कोरोना भाइरसको यस विषम परिस्थितिमा काम गर्ने जन प्रतिनिधि एवं कर्मचारीहरुको स्वास्थ्य जोखिमको अवस्थालाई मध्यनजर गर्दै उच्च मनोबलका साथ काम गर्ने वातावरण सिर्जना गर्न घोराही उपमहानगरपालिकाका कर्मचारी तथा जन प्रतिनिधिहरुको संस्थागत विमा गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं. २:**

२.१ चालु आ.व. २०७६/०७७ को योजना संचालन गर्न उपभोक्ता समितिले रनिङ विलको आधारमा पेश्की लिने गरेकोमा अब उप्रान्त पेश्की लिने व्यवस्था बन्द गरी कार्य सम्पन्न प्रतिवेदनका आधारमा अन्तिम भुक्तानी दिने ।

२.२ घोराही उपमहानगरपालिकाको मिति २०७७/०२/०२ गते बसेको कार्यपालिका बैठकमा तोकिएको ढाँचा सहित आगामी आ.व. ०७७/०७८ का लागि योजना, बजेट तथा कार्यक्रम २०७७ जेष्ठ ७ सम्म पेश गर्ने निर्णय भएकोमा कोरोना (कोभिड१९) को विषम परिस्थितिमा उपर्युक्त योजना, बजेट तथा कार्यक्रम हाल सम्ममा पनि पेश नभएको हुँदा समयावधि थप गरी २०७७ साल जेठ २० गते सम्म वडाहरुले कुल बजेटको २० प्रतिशत स्वास्थ्य तथा विपद क्षेत्रमा विनियोजन गरी योजना तथा कार्यक्रम website मा राखिएको ढाँचामा तयार गरी पेश गर्ने ।

**निर्णय नं. ३:**

३.१ घोराही घोराही उपमहानगरपालिकामा एक गाउँ एक प्राविधिक (रा.प्र.अनं. द्वितीय श्रेणी) मा विभिन्न वडामा ३ जना (त्रिपुरा खड्का, कृष्णी बस्याल र भावना पौडेल) प्राविधिक कार्यरत भएकोमा हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय आर्थिक प्रशासन शाखा सिंहदरबार काठमाण्डौको च.नं. २२८ मिति २०७६/०६/१२ को पत्र अनुसार श्रावण देखि असोज सम्मको मासिक तलब र चांडबाँड खर्च भत्ता व्यवस्थापन भएको र कार्तिक देखि खाइपाई आएको तलब भत्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयदेखि नआएको हुँदा घोराही उपमहानगरपालिकाबाट उपलब्ध गराउने ।

३.२ घोराही उपमहानगरपालिका वडा नं. १०को मिति २०७७/०२/१४, च.नं. ३२१३ को प्राप्त पत्र तथा घोराही उपमहानगरपालिका वडा नं. १० नारायणपुर स्वास्थ्य चौकीको च.नं.१२३ मिति २०७७/०२/११ को प्राप्त पत्रानुसार नारायणपुर स्वास्थ्य चौकीमा कार्यरत ल्याब असिस्टेन्ट देवका चौधरी (हाल स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कार्यरत) विगत लामो समयदेखि उक्त संस्थामा कार्यरत रहेको र हाल कोभिड -१९ को स्वाब कलेक्सनमा समेत काम गरिरहेको तथा हालसम्म उहाँको तलब भत्ता वडा कार्यालयबाट व्यवस्थापन हुँदै आएकोमा अव उप्रान्त नगरबाट नै व्यवस्थापन गर्ने ।

३.३ घोराही उपमहानगरपालिका वडा नं. १४ को वडा कार्यालयमा कार्यरत कार्यालय सहयोगी श्री प्रमिला चौधरीले हाल सम्म सेवा सुबिधा प्राप्त नगरेकोले २०७७ जेठ महिनादेखि दैनिक ज्यालादारी अनुसार सेवा सुबिधा उपलब्ध गराउने ।

**निर्णय नं. ४:**

रिकर्भिंग नेपाल (Recovering Nepal) को मिति २०७७/०२/११, च.नं. ३८ को पत्रानुसार रिकर्भिंग नेपालले सेभ द चिल्ड्रेन/ ग्लोबल फण्डसँगको साझेदारीमा प्रदेश नं. ५ अन्तर्गतका १८ ओटा लागु औषध उपचार केन्द्रमा राहत वितरण गर्न लागेकोले घोराहीमा रहेको निर्णय पुनर्स्थापना केन्द्रमा तपशिल बमोजिमको राहत सामग्री वितरण गर्न अनुमति दिने ।

**तपशिल**

**१**.चामल १३२ किलो **२**. मसुरो दाल- २२ किलो **३**. हरियो केराउ दाना- २२ किलो ४.आलु-४४ किलो
**५**. प्याज — ४४ किलो **६**. नुन —११ किलो **७**. खाने तेल- ११ लि. **८**. साबुन- ८८ गोटा

**निर्णय नं. ५ः**

घोराही उपमहानगरपालिका १० नं. वडाको मिति २०७७/०२/१४, च.न. ३२१२ को पत्रानुसार सिद्ध रत्ननाथ नमुना माध्यामिक विद्यालय घोराही उपमहानगरपालिका वडा नं. १० नारायणपुर, दाङको च.नं. ३७४ मिति २०७७/०२/१४ गतेको प्राप्त पत्रानुसार सिद्ध रत्ननाथ नमुना माध्यमिक विद्यालयको स्वामित्वमा रहेको घोराही तुलसीपुर सडक खण्ड अन्तर्गत घोराही —११ खैरा चोक देखि उत्तरतर्फ र चाघु थारु गाउँ जाने बाटोको दक्षिण तर्फको जग्गा नक्सा नं. १ ग कित्ता नं. ३५१ ज.वि. ३६-८-२ मध्ये मा पूर्वाधार (भवन) निर्माण गर्ने गरि प्रदेश स्तरीय नमुना बहु प्राविधिक विद्यालय संचालनका लागि सामाजिक विकास मन्त्रालय मार्फत मुख्यमन्त्रीको कार्यालय प्रदेश नं. ५ बुटवलमा आवश्यक प्रक्रिया अगाडी बढाउन भनि विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी सहित पेश भएको हुँदा उपर्युक्त विद्यालयलाई नमुना बहु प्राविधिक विद्यालय संचालन गर्न अनुमति दिने ।

**निर्णय नं. ६ः**

घोराही उपमहानगरपालिका अन्तर्गत सरसफाई, वातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०७७/०२/१४ गते बसेको तपशिल बमोजिमको निर्णय अनुमोदन गर्ने ।

६.१ घोराही उपमहानगरपालिका वडा नं. १७ को च.नं. ३०९७ मिति २०७७/०२/१३ को सिफारिस पत्र तथा संलग्न सम्झौता पत्र समेतको आधारमा घोराही-१७ गुलरिया ड्याममा डुबेर मृत्यु भएका रोल्पा रुन्टिगढी गा.पा -९ हाल घोराही -१७ मा बस्ने श्री विजय के.सी. को परिवारलाइ किरिया खर्च वापत रु. २५०००|०० (अक्षरुपि पच्चिस हजार मात्र) राहत स्वरूप स्थानीय विपद व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

६.२ घोराही उपमहानगरपालिका वडा नं. १२ को च.नं. १७०९ र १७१० मिति २०७६/१२/०३ को सिफारिस पत्र तथा संलग्न प्रहरी मुचुल्का समेतको आधारमा घोराही -१२ पतेनी निवासी श्री अन्जु वि.क. र अन्जना परियार खाना पकाउने क्रममा ग्यास लिक भई आगलागीमा परेर घाइते भएको हुँदा निजलाई राहत सहायता रु १००००|०० को दरले उपलब्ध गराउने ।

६.३ कोभिड -१९ को नियन्त्रणको लागि जारी भएको लकडाउनको कारण अलपत्र परेका तथा भारतबाट नेपाल आउने घोराही नगर क्षेत्र भित्रका यात्रुहरुलाई उद्दार गर्न सवारी साधनहरु भाँडामा प्रयोग गरेवापतको देहाय अनुसारको रकम घोराही उपमहानगरपालिकाको कोरोना संक्रमण रोकथाम नियन्त्रण तथा उपचारकोषबाट भुक्तानी दिने ।

तपशिलः

| **क्र.स.** | **गाडी नं.** | **निवेदक** | **भुक्तानी दिनुपर्ने रु.** | **कैफियत** |
|---|---|---|---|---|
| १. | ना.४.ख, ५४३६ | दिल बहादुर खत्री | १,५८,४००।०० | |
| २. | प्रदेश २ ०३००१ ख ०२०८ | धरम बुढा मगर | १,८४,८००।०० | |
| ३. | ग.१.ख ५३७५ | पप्पु गुप्ता | २४०००।०० | |
| ४. | रा.१.ख २२८२ | लोक बहादुर मल्ल | १,३६,४००।०० | |
| ५. | रा.१. ख २२७७ | पदम प्रसाद पौडेल | २२०००।०० | |
| | जम्मा | | ५,२५,६०० | |

**निर्णय नं. ७ः**

७.१ः घोराही उपमहानगरपालिकामा वडा नं. २ मा सुर्केडाँगीमा रहेको  सुर्केडाँगी वाल तथा नयाँ सडक अत्यन्त जिर्ण अवस्थामा रहेको र तत्काल निर्माण तथा मर्मत नगर्दा कुनैपनि समयमा मानवीय एवं भौतिक क्षति हुन सक्ने सम्भावना रहेकोले प्राविधिक लगत इस्टिमेट अनुसार कन्टेनजेंसी शिर्षकबाट निर्माण तथा मर्मत गर्ने ।

७.२ घोराही उपमहानगरपालिका वडा नं. १४ को नेपाल बैंक, राम जानकी टोल हुँदै चमे सोता सम्म पक्कि नाला तथा आर.सी.सी. स्ल्याब होम पाइप आदि लगाउने कार्य तत्काल नगर्दा सो क्षेत्रमा बहने आकाशे पानि एवं अव्यवस्थित ढलको पानीको बहावले सो क्षेत्र डुबानमा पर्ने तथा मानवीय तथा भौतिक क्षति समेत हुन सक्ने सम्भावना रहेकोले चा.लु. आ.व. मा नै उपर्युक्त योजना उपभोक्ता समिति मार्फत सम्पन्न गर्ने ।

७.३ घोराही उपमहानगरपालिका वडा न. १८ को बालुवाटार टोल चमै सोतामा माटो फिलिंग गर्ने काम रु १०००००।०० कन्टेनजेंसी शिर्षकबाट सम्पन्न गर्ने ।